# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ७, संख्याः २०, पौष १२ गते, २०८० साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको संशोधित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

# भाग २

## व्यास नगरपालिका स्लेट ढुङ्गा उत्खनन् तथा कटिङ उद्योग सञ्चालन कार्यविधि (तेस्रो संशोधन), २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।९।११

व्यास नगरपालिकाको स्लेट ढुङ्गा उत्खनन् तथा कटिङ उद्योग सञ्चालन कार्यविधि, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम व्यास नगर कार्यपालिकाले स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छः

१. कार्यविधिको दफा ६ को (क) मा : “न्यूनतम १ रोपनी क्षेत्रफल भएको जग्गाधनी प्रमाण पत्र वा भाडामा लिएको भए कम्तिमा ५ वर्षसम्मको स्थानीय जनप्रतिनिधिहरुको रोहवरमा प्रयोजन खुल्ने गरी नियमानुसार गरिएको जग्गा भाडामा लिने सम्झौताको पत्र” **को सट्टा** “न्यूनतम ८ (आठ) आना क्षेत्रफल भएको जग्गाधनी प्रमाण पत्र वा भाडामा लिएको भए कम्तिमा ३ वर्षसम्मको प्रयोजन खुल्ने गरी नियमानुसार गरिएको जग्गा भाडामा लिने सम्झौताको पत्र” राखी संशोधन गरिएको छ।

२. कार्यविधिको दफा ६ को (च) मा “पृथ्वी राजमार्गबाट कम्तिमा २५ मिटर र सहायक मार्गबाट कम्तिमा १५ मिटर बाहिर” **को सट्टा** “पृथ्वी राजमार्गबाट कम्तिमा २० मिटर र सहायक मार्गबाट कम्तिमा १० मिटर बाहिर” राखी संशोधन गरिएको छ।

३. कार्यविधिको दफा १३ को (३) मा : “दफा १३ को उपदफा (१) र (२) बमोजिम म्यादभित्र नवीकरण नभएको अनुमति पत्र स्वतः खारेज हुनेछ” **को सट्टा** “दफा १२ को उपदफा (१) र (२) बमोजिम म्यादभित्र नवीकरण नभएको अनुमति पत्र स्वतः खारेज हुनेछ” राखी संशोधन गरिएको छ।

आज्ञाले
गंगालाल सुबेदी
प्रमुख प्रशासकीय अधिकृत